मितिः २०८२/०३/०९

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८२ साल असर ०९ गते सोमबार दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

<u>प्रस्तावहरु:</u>

१. नीति तथा कार्यक्रम एवम् बजेट सम्बन्धमा,
२. आर्थिक विधेयक सम्बन्धमा,
३. बिनियोजन विधेयक सम्बन्धमा,
४. बेरूजु नियमित गर्ने सम्बन्धमा,
५. अनुगमन/फरफारक अनुमोदन सम्बन्धमा,
६. वास प्लान स्वीकृती सम्बन्धमा,
७. विविध।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

**निर्णयहरुः**

**निर्णय नं. १:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भई पेश हुन आएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, योजना र बजेट उपर कार्यपालिकामा छलफल, परिमार्जन तथा संशोधन गरियो र उक्त परिमार्जित, संशोधित नीति तथा कार्यक्रम, योजना र बजेट गाउँसभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

त्यसैगरी यस गाउँपालिकामा स्वीकृति लिई गाउँपालिका तथा विभिन्न वडाहरुमा कार्यक्षेत्र बनाई कार्यरत संघसंस्थाहरुबाट पेश हुन आएका आगामी आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने योजना तया कार्यक्रमहरु समेत गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २:** कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्ने सम्बन्धी आर्थिक विधेयक, २०८२ को मस्यौदा उपर छलफल एवं संशोधन गरि स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:** कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धी विनियोजन विधेयक, २०८२ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ४:** महालेखा परिक्षकको कार्यालयबाट यस कार्यालयको लागि जारी गरिएको आ.व. २०८०/८१ को अन्तिम लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएका प्रचलित कानुनको रीत पुऱ्याउनु पर्नेमा सो रीत सम्म नपुऱ्याई अनियमितता भएको तर सरकारी हानि नोक्सानी भएको नदेखिएका बेरुजु रकम नियमित हुन गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ५:** आ.व. २०८१/८२ को लागि स्विकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये पाँच लाख भन्दा माथिका उपभोक्ता समितिबाट कार्यान्यिवन भै हाल सम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको गा.पा.स्तरीय अनुगमन समितिबाट अनुगमन गरी पास भै सकेको हुँदा सोको अनुमोदनको लागि गाउँसभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

लोक बहादुर मुक्तान
अध्यक्ष

कैलाश गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कालिकाटार, मकवानपुर नेपाल

(क) आ.व. २०८१/८२ को लागि स्विकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये निर्माण व्यवसायिबाट कार्यान्यवन भै हाल सम्म सम्पन्न भएका/चालु रहेका योजना तथा कार्यक्रमहरुको अनुगमन समितिबाट अनुगमन गरी पास भै सकेको हुँदा सोको अनुमोदनको लागि गाउँसभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

(ख) आ.व. २०८१/८२ को लागि स्विकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये आर.आर.एन (RRN) तथा उ.स. सहित सहभागी भै कार्यान्यवनमा आएका हाल सम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको अनुगमन समितिबाट अनुगमन गरी पास भै सकेको हुँदा सोको अनुमोदनको लागि गाउँसभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

(ग) आ.व. २०८१/८२ को लागि स्विकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समितिबाट कार्यान्यवन भै हाल सम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको फरफारक समितिबाट फरफारक गरी भुक्तानी भै सकेको हुँदा सोको अनुमोदनको लागि गाउँसभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

(घ) आ.व. २०८१/८२ को लागि स्विकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये निर्माण व्यवसायीबाट कार्यान्यवन भै हाल सम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको फरफारक समितिबाट फरफारक गरी भुक्तानी भै सकेको हुँदा सोको अनुमोदनको लागि गाउँसभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

(ङ) आ.व. २०८१/८२ को लागि स्विकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये आर.आर.एन तथा उ.स. सहित सहभागी भै कार्यान्यवनमा आएका हाल सम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको फरफारक समितिबाट फरफारक गरी भुक्तानी भै सकेको हुँदा सोको अनुमोदनको लागि गाउँसभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

६. **निर्णय नं ६:** नेपाल ग्रामीण पुनर्निर्माण संस्था(RRN) र वेल्थ हङ्गर हिल्फे(WHH) को आर्थिक तथा प्राविधिक सहयोग एवंम गाउँपालिकाको समन्वयमा तर्जुमा गरिएको कैलाश गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan),२०८० लाई स्वीकृत गर्ने निर्णय गरियो।

अतुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

**७. विविधः**

(क) चालु आर्थिक बर्ष २०८१/८२ को आन्तरिक स्रोतबाट कैलाश गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण तथा छपाईको लागि बजेट विनियोजन भएकोमा गाउँ शिक्षा समितिको मिति २०८१/०५/०५ गतेको निर्णय बमोजिम गठन भएको कार्यदलले पेश गरेको मस्यौदाको आधारमा अन्तिमिकीकरणको लागि श्री तोया प्रसाद अर्म्मैसँग सम्झौता भई मिति २०८२/०२/२६ गतेको कार्यशालाबाट थप छलफल तथा सुझाव संकलन गरी लेखन कार्यको अन्तिमिकीकरण समेत भई सकेकोले कैलाश गाउँपालिकाको १० बर्षे गाउँ शिक्षा योजना(२०८१-२०९०) कार्यपालिका मार्फत स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

(ख) प्रस्तुत विषयमा यस गाउँपालिकाले आ.व. २०७८/०७९ मा श्री आरम्भ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि र श्री मुनलाईट इन्जिनीयरिङ्ग प्रा.लि हरुसँग विभिन्न पक्की पुलहरुको डी.पी.आर. प्रतिवेदन तयारीको लागि देहाएका मितिहरुमा सम्झौता भई कार्य अगाडी बढेकोमा पक्की पुलहरुको प्रस्तुत ड्राफ्ट रिपोर्ट अन्तिम स्वीकृतिको लागि भौतिक पुर्वाधार विकास मन्त्रालय अन्तर्गत Motorable Local Roads Bridge Programme (MLRBP-VI) मा पेश भएकोमा हालसम्म पनि सो पक्की पुलहरुको स्वीकृत डी.पी.आर. प्रतिवेदन प्राप्त नभएको र Motorable Local Roads Bridge Programme (MLRBP-VI) ले पनि सो ड्राफ्ट रिपोर्टको डिजाईनमा टिप्पणीहरु गरेको देखिन्छ। उक्त टिप्पणीहरुको सम्बोधन गर्न प्रा.लि.हरु सँगको सम्झौताको म्याद सकिएकोले उक्त पुलहरुको डी.पी.आर. अलपत्र अवस्थामा रहेकोमा उल्लेखित प्रा.लि. हरुले पेश गरेको म्याद थपको निवेदन माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४, नियम १२०(क) (चौंधौं संशोधन) बमोजिम निम्न अवधिसम्मको लागि म्याद थप गर्ने र सो अवधिसम्म पनि उक्त परामर्शदाता कम्पनीले सम्बन्धित निकायबाट डि.पि.आर. प्रतिवेदन स्वीकृत गरि पेश नगरेको खण्डमा कार्यालयले बाँकी रकम भुक्तानी गर्न नसक्ने र अन्य प्रक्रिया प्रचलित ऐन बामोजिम भैजाने भनी निर्णय गरियो।

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| सि.न. | योजनाको नाम | परामर्शदाताको नाम,ठेगाना | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम (रु.) | म्याद थप गर्नुपर्ने कारण | म्याद थप गरिएको अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | भाल्टर रातोडाँडा मनहरी खोला पक्कि पुल र घुमाउने लिक्चे पक्कि पुलहरुको डी.पी.आर. | श्री आरम्भ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि, कुपण्डोल,ललितपुर | २०७८/१२/१५ | २०७९/०२/३० | १४,४४,५६६।२६ | टिप्पणीहरु सम्बोधन गरि कार्य अगाडी बढाउन | २०८२ भाद्र मसान्त |
| २ | धुस्राङ कोथलिटार पक्की पुल र घट्टेचौर खोलाखेत दुबोखोला पक्की पुलहरुको डी.पी.आर. | श्री मुनलाईट इन्जिनीयरिङ्ग प्रा.लि, वीरेन्द्रनगर-१० ,सुर्खेत | २०७८/१२/१५ | २०७९/०२/३० | १४,१९,१८९।३७ | टिप्पणीहरु सम्बोधन गरि कार्य अगाडी बढाउन | २०८२ भाद्र मसान्त |

(ग) सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रुपमा रहेको मध्यमकालीन खर्च संरचनाले गाउँपालिकासँग उपलब्ध सीमित स्रोतसाधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन बटा अवयवहरु समावेश गरिएको मध्यमकालीन खर्च संरचना (MTEF) गाउँसभामा पेश गर्ने निर्णय गरियो।

(घ) यस कार्यालयमा कार्यालय प्रयोजनको लागि प्रयोग भैरहेका सवारी साधनहरुको मर्मत संभारको लागि यो आ.व. सम्मको लागि वजेट अपुग हुने भएकोले सोको लागि थप वजेट रु. ७,९०,०००/- (अक्षेरुपी सात लाख नब्बे हजार रुपैंया मात्र) खर्च शिर्षक २२५२२ (कार्यक्रम खर्च) बाट रु.४,००,०००/- र खर्च शिर्षक २८९११ (भैपरि

लोक बहादुर मुक्तान
अध्यक्ष

आउने चालु खर्च) बाट रकम रु. ३,९०,०००/- गरि जम्मा रु. ७,९०,०००/- रकमान्तर गर्ने निर्णय गरियो।

(ङ) कैलाश गाउँपालिकाको मध्यकालिन खर्च संरचना आ.व. २०८२/८३-२०८४/८५ निर्माण गर्दा निर्माण गर्ने क्रममा मध्यकालिन खर्च संरचना कार्यदल एवं विषयगत शाखाको बैठक भत्ता तथा खाजामा खर्च भएको रकम आ.व. २०८१/८२ को विभिन्न योजनाहरुको कन्टिन्जेन्सी रकमबाट खर्च हुने गरी रकम रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैंया मात्र) छुट्याउने निर्णय गरियो।

(च) पोषण सहजकर्ता सरुना प्रजाको सशर्त अनुदान बाट प्राप्त रकम रु ३,००,०००/- (तीन लाख मात्र) ले मासिक रु २२,५००/-(बाईस हजार पाँच सय मात्र) का दरले मासिक तलव भुक्तानी पाइरहेकोमा <u>बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा १५ (९)</u> अनुसार पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सेवा सुविधा स्थानीय तहको सहायक चतुर्थ सरह हुने गरि गर्ने निर्णय गरियो।

(छ) कैलाश गाउँपालिकाको वडा नं १० भाल्टार स्थित बालुवा प्रशोधन तथा संचालनका लागी भाल्टार निर्माण तथा बालुवा प्रशोधन प्रा.ली.ले उक्त क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची प्रतिवेदन स्वीकृतीका लागि पेश भएकोमा उक्त कार्यसूची अध्ययन गरी स्वीकृतीका लागी गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नका लागि तपसिल बमोजिमका ५ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| | | |
|---|---|---|
| १. श्री अमुल श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. श्री अनिल प्रसाद जोशी | इन्जिनियर | सदस्य |
| ३. श्री विक्रम बहादुर थिङ | सहायक लेखा अधिकृत | सदस्य |
| ४. श्री विक्रम थिङ | नापी सहायक | सदस्य |
| ५. श्री नरेन्द्रदत्त भट्ट | अ. सब इन्जिनियर | सदस्य सचिव |

लोक बहादुर मुक्तान
अध्यक्ष